# गाउँपालिका अध्यक्ष श्री सरस्वती दर्लामी चिदीद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

बगनासकाली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्धारा, पाल्पा ।

# बगनासकाली गाउँपालिकाको
# आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

बगनासकाली गाउँपालिकाको गाउँसभाको (२० औं अधिवेशन) मा उपस्थित **गाउँसभाका सदस्यज्यूहरू,** एवं कर्मचारी मित्रहरुमा हार्दिक स्वागत व्यक्त गर्न चाहन्छु।

**"समृद्ध बगनासकाली गाउँको सार, समग्र विकासको दिगो आधार"** भन्ने प्रमुख दीर्घकालीन सोँच र जनताको आकांक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। गाँउपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको सन्तुलित विकास गर्दै बञ्चितीकरणमा परेका समुदायहरुलाई मुल प्रवाहीकरणका लागि ती समुदायहरुलाई उच्च प्राथमिकतामा राख्दै आम गाउँपालिका बासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी यो नीति तथा कार्यक्रम तयार पारिएको छ।

गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमहरू पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रबन्ध मिलाउने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न गाँउसभाका सदस्यहरु, कर्मचारी वर्ग, स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ । यी सबै पक्षको विगतमा जस्तै समन्वय र सहकार्यलाई बढवा दिदै नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, विभिन्न विषयगत कानूनहरू, बगनासकाली गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र सोको कार्यान्वयनको अवस्था, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, सोह्रौं योजना, लुम्बिनी प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, मध्यकालिन खर्च संरचना गाउँपालिकाको आवधिक र क्षेत्रगत योजनाले निर्दिष्ट गरेका दुरदृष्टि, लक्ष्य र उद्धेश्यहरू, नबयुवाहरुको चाहना तथा विभिन्न विषय विज्ञहरूबाट प्राप्त सुझावहरू समेतलाई आत्मसात गरी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**गाउँसभाका सदस्यज्यूहरू,** अब म आ.व. २०८३/०८४ का क्षेत्रगत नीतिहरुलाई क्रमश राख्न चाहान्छु।

## १. आर्थिक नीति

### क) कृषि तथा पशु

१. कृषि क्षेत्रको आधुनिकीकरण ,यान्त्रिकीकरण ,व्यवसायीकरण तथा बजारीकरण मार्फत तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमताका बाली वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

२. आधुनिक कृषि यान्त्रिकरणको प्रयोग गरी कृषिलाई ब्यवसायिक र उत्पादनमुलक वनाइने छ। जसको लागी यान्त्रिकरण, विऊ मल तथा आवश्यक कृषि सामाग्रीहरुमा साझेदारीमा आधारित कार्यक्रम अगाडी बढाइने छ। साथै आकस्मिक रुपमा देखा पर्ने रोग नियन्त्रण गर्न आई.पि.एम. पद्धतिको बारे कृषकहरुलाई जानकारी दिनुका साथै आवश्यक विषादी निःशुल्क व्यवस्थापन गरिनेछ।

३. यस गाउँपालिकाको कृषि क्षेत्रको विकासका लागि कृषि फर्म, कृषक समूह तथा सहकारीहरुलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गरी खेतीयोग्य भूमिको अधिकतम उपयोग गरिनेछ। साथै खेतीयोग्य भूमिमा सिंचाईको व्यवस्था गरिनेछ।

४. गाँउपालिका भित्र कृषि सम्भावना भएका क्षेत्रहरुको विकासका लागी पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ।कृषकहरुको आयआर्जन वृद्धि गर्न फलफुल खेती, मौरीपालन, च्याउ खेती, व्यवसायिक तरकारी खेतीलाई प्रवर्द्धन गरिनेछ। साथै एक घर एक करेशाबारी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५. कृषकहरुको क्षमता विकासका लागि तालिम अभिमुखिकरण अवलोकन भ्रमण लगायतका कार्यक्रम संचालन गरिनेछ।

६. रासायनिक विषादी र रासायनिक मलको अवैज्ञानिक प्रयोगले माटोको गुणस्तर र मानव स्वास्थ्यमा परेको नकरात्मक असर न्यून गरी दिगो उत्पादन गर्न प्राङ्गारिक तथा जैविक मल, कृषि चुन, जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

७. गाउँपालिकालाई खाद्य तथा पोषण सुरक्षामा आधारभुत खाद्य उपलब्धता बढाउन, स्थानीय स्तरमै वीज वृद्धि कार्यक्रमलाई निरन्तरता दिई उत्पादन क्षेत्र विस्तार गर्ने, कृषकहरुलाई उन्नत बीउ प्रयोग, भण्डारण र विस्तार, बीउ प्रशोधन र बजारीकरणमा सहयोग गरिनेछ। साथै स्थानीय रैथाने बाली प्रवर्द्धन गरिनेछ।

८. किसान सूचीकरणको कार्यलाई निरन्तरता दिँदै वडा स्तरमा गोष्ठी सञ्चालन गर्ने तथा कृषकहरुको विवरण प्रमाणिकरणको कार्य अगाडी बढाइनेछ।

९. उत्पादित कृषि उपजहरुको न्यूनतम समर्थन मुल्य तोकी कृषक समुह तथा सहकारी मार्फत संकलन गरी बजारिकरणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ। कृषि एम्वुलेन्स सञ्चालन गरिनेछ ।

१०. कृषि योग्य बाँझो जग्गाको अधिकतम उपयोग गर्ने नीति लिई उपादकत्व बढाउन करार खेति कार्यक्रम समेत संचालन गरिनेछ। जंगली जनावरवाट सुरक्षित बैकल्पिक खेती प्रवर्द्धनलाई निरन्तरता दिइनेछ ।

११. प्राकृतिक प्रकोपबाट हुन जाने कृषि उत्पादनको क्षतिको मूल्याङ्कन गरी कृषक राहत कार्यक्रम सञ्चालन गरिनेछ।

१२. पशुपंक्षी पालनलाई व्यवसायिक,प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन प्रेरित गरिनेछ । पशुपंक्षी प्रवर्धनको लागि आवश्यक स्वास्थ्य सेवाको ब्यवस्था गर्दै आकस्मिक महामारी एवं प्रकोप व्यवस्थापन र रोग नियन्त्रणको लागि आवश्यक औषधि तथा खोपको व्यवस्थापन गरिनेछ ।

१३. कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरुको संख्या बृद्धि गरिनेछ ।

१४. उत्पादनमा आधारित प्रोत्सहान अनुदान कार्यक्रम निरन्तरता दिदै युवाहरुलाई पशुपालन तर्फ आर्कषित गरिने छ ।जसको लागि मागमा आधारित पशुपंक्षी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

१५. **दुई भैंसी सहितको गोठ हजारको दश नोट** भन्ने अभियान सहित भैंसीपालनलाई प्रवर्द्धन गरिने छ ।

१६. यान्त्रिकरण आधुनिकिकरण प्रतिस्पर्धी र प्रविधियुक्त व्यवसायका रुपमा पशुपंक्षी तथा मत्स्य पालनलाई प्रवर्धन गरिनेछ ।

१७. पशुपंक्षी जन्य स्वच्छ र गुणस्तरीय पशु तथा पंक्षीजन्य उत्पादन बृद्धि गरी आत्मनिर्भर हुदै निर्यात प्रवर्धन गरिनेछ ।

### (ख) सहकारी नीति

१. सहकारी संस्थाहरुलाई पालिकाको नीति तथा कार्यक्रम अनुसार कार्य गर्न उत्प्रेरित गराउनको लागि प्रोत्साहन, क्षमता अभिवृद्धि, अनुगमन, सहकारी शिक्षा तथा सहयोगका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थालाइ प्रचलित कानुनको दायरामा ल्याइनेछ। साथै अव्यवस्थित एवं अमुर्त रुपमा संचालन भएका संस्थाहरुलाई विषय र उद्धेश्य मिलान हुने गरी एकिकरण एवं खारेजी गर्दै वर्तमान अवस्थामा देखा पर्नसक्ने सहकारी संस्थाको समस्या सम्बन्धमा सहकारी सम्बन्धी सरोकारवाला सबैलाई सचेत गराईनेछ ।

३. विद्युतीय प्रणाली मार्फत सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिने कार्यलाई अगाडी बढाई थप प्रभावकारी बनाइनेछ। सहकारीलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गराइनेछ।

४. उत्पादन वृद्धि, आयआर्जन वृद्धि र रोजगारी सृजनाको लागि कृषि, बहुउद्देश्यिय, बचत तथा ऋण र अन्य प्रकृतिका सहकारीहरुलाई उद्देश्य अनुसार कार्यगर्न प्रोत्साहित गरिनुको साथै साझेदारीका कार्यक्रम सञ्चालन गरिने छ।

### ग) उद्यमशीलता प्रवर्धन नीतिः

१. गाउँपालिका क्षेत्रभित्र विभिन्न उद्यम गरिरहेका शिल्पीहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहन गर्दै युवाहरुलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रबर्धन र बजारीकरणमा सहकार्य गरिनेछ। सेवा मुलक उद्योगलाई प्रश्रय तथा प्रोत्साहन गर्ने नीति लिइनेछ।

२. गाउँपालिका भित्रका उद्यमी, उद्योग तथा प्रशिक्षकहरुको तथ्यांङ्क अद्यावधिक गरिनेछ।

३. उद्यमीको दिगो व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सम्भाव्य उद्यमीहरुको पहिचान गर्दै वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको ज्ञान, सीप र पूँजीको प्रयोग गरी रोजगार प्रवर्द्धन सम्बन्धि कार्यक्रम तय गरिनेछ।

४. व्यवसाय गरि रहेका उद्यमीहरुको नियमित अनुगमन, मूल्याङ्कन र परामर्श सँगै व्यवसाय वृद्धि र बिस्तारका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइने छ।

### घ) उद्योग तथा व्यापार नीतिः

१. गाउँपालिका क्षेत्रमा सञ्चालित साना तथा घरेलु उद्योगहरुको सूची तयार गरिनेछ । उक्त उद्योगहरुलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरुको प्रवर्द्धनमा गाउँपालिकाले सहजिकरण गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्नेछ । बगनासकालीको पहिचान बगनासे साँचोको प्रवर्धन गरिने छ ।

२. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्थानीय उत्पादनको व्यापार प्रवर्धन मेला आयोजना गरिनेछ ।

३. गाउँपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण व्यवसायलाई व्यवसाय दर्ता तथा नविकरणका लागि अनिवार्य गरिनेछ। यसरी दर्ता तथा नविकरण नगर्ने व्यवसायीलाई नियमानुसार कारवाही गरिनेछ।

४. गाउँपालिकामा दर्ता भएका व्यापार व्यवसायहरु जुन उद्धेश्य र सामाग्री वितरणको लागि दर्ता भएका हुन् सोही बस्तु मात्र विक्री वितरण गर्न पाउने व्यवस्थालाई निश्चित कार्यविधि तयार गरी कडाइका साथ लागू गरिनेछ ।

**ङ) पर्यटन नीतिः**

१. पर्यटन प्रवर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण,संरक्षण, सम्बर्धन र बिस्तारमा जोड दिने नीति लिइनेछ।

२. गाउँपालिका क्षेत्रभित्र पर्यटन विकास, विस्तार र सम्बर्धनका लागि गाउँपालिकास्तरीय पर्यटन गुरु योजना तयार गरी गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण धार्मिक धरोहर, शक्तिपिठहरु, तथा पर्यटकीय क्षेत्रको क्रमश विस्तृत विकासमा टेवा पुग्ने कार्यक्रम तथा योजना तयार गरी पर्यटन पथ मार्गको रुट तयार गरिनेछ।

३. संवेदशील एवं जलवायु संकटापन्न र जोखिममा रहेको पर्यटन स्थल र सांस्कृतिक सम्पदाको पहिचान गरी त्यस्ता क्षेत्रहरुको स्थानीय समुदाय र संघसंस्थाको सकृय सहभागितामा संरक्षण र व्यवस्थापन गरिनेछ।

४. सुरक्षित पर्यटकीय गाउँको रुपमा **"घुमौं बगनासकाली"** भन्ने अभियान सञ्चालन गर्दै होमस्टे र पिकनिक स्पोटलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अध्ययन, अनुसन्धान र विविध तालिम कार्यक्रम सञ्चालन गरिनेछ । राजमार्ग क्षेत्रमा पर्यटकीय पूर्वाधारको विकासका लागि आावश्यक प्रबन्ध मिलाइनेछ ।

५. विभिन्न जातजाति, भाषा-भाषी, धर्म संस्कृति र परम्परामा आधारित मठ मन्दिर, गुम्बा, चर्च, मस्जिद विहार जस्ता सम्पदा तथा असल संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा जोड दिदै धार्मिक पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

**च) सार्वजनिक निजी साझेदारी नीतिः**

१. गाउँपालिकाले निजीक्षेत्रसँग साझेदारी गरी पूर्वाधार तथा अन्य क्षेत्रको विकासका लागि प्रचलित ऐन बमोजिम सार्बजनिक निजी साझेदारी कार्यविधि तयार गरी योजना तथा कार्यक्रम संचालन गरिनेछ।

२. सार्वजनिक निजी साझेदारीमा संचालन गरिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरुको पहिचान, अध्ययन, विश्लेषण, मूल्यांकन तथा छनौट गरी अघि बढाइनेछ। जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता तथा वातावरणको दिगो विकासको लागि Public Private Partnership कार्यक्रमको शुरुवात गरिनेछ।

३. वातावरण संरक्षणको क्षेत्रमा सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गर्दै टोल विकास संस्था, नागरिक तथा नीजि क्षेत्र र गैरसरकारी संघ संस्थाहरुको परिचालनलाई जोड दिइनेछ।

**२. सामाजिक विकास नीतिः**

**क) शिक्षा नीति**

१. गाउँपालिकाका सम्पूर्ण विद्यालयमा कक्षा ५ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन संचालन गरिनेछ।
२. जीवनउपयोगी, आधुनिक, व्यवसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।
३. विद्यालयहरुमा आवश्यक न्यूनतम पूर्वाधार, विद्यालय रंगरोगन तथा मर्मत सम्भार पुस्तकालय, कक्षाकोठा, लैङ्गिकमैत्री शौचालय तथा वातावरण मैत्री संरचनाहरुको व्यवस्था गरिनेछ ।
४. हरेक वडामा कम्तीमा एक विद्यालयलाई नमूना प्रारम्भिक वालविकास कार्यक्रम संचालन गरिनेछ।
५. **"जहाँ विद्यार्थी त्यहाँ विद्यालय र जहाँ विद्यार्थी त्यहाँ शिक्षक"** भन्ने अवधारणा सहित विद्यालय समायोजन, तह घटाउने तथा दरवन्दी मिलानलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।
६. विद्यालयमा अध्यनरत विद्यार्थीहरुको सामुहिक दुर्घटना विमालाई निरन्तरता दिदै शिक्षक तथा कर्मचारीलाई समेत यस कार्यक्रममा जोडीनेछ।
७. जागरुक अभिभावक बनाउनको लागि अभिभावकको विद्यालयमा उपस्थिती वढाउन अभिभावक अभिमुखिकरण साथै अभिभावक सम्मान कार्यक्रम संचालन गरिनेछ।
८. उत्प्रेरित शिक्षक बनाउनका लागि विषयगत शिक्षकहरुको रोष्टर तयार गर्ने, क्षमता विकास, उत्कृष्ट शिक्षक पुरस्कार, सूचना प्रविधिसँग जोड्ने व्यवस्था साथै सेवा र सुविधाहरु समयानुकुल वढाउदै लगिनेछ।
९. विचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न बालमैत्री शिक्षण विधि अबलम्बन गरिनेछ। जेहेन्दार, गरिब तथा विपन्न वर्गका वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोशाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गर्ने कार्यको शुरुवात गरिनेछ।
१०. गाउँपालिका क्षेत्रभित्र कार्यरत बाल विकास शिक्षक तथा विद्यालय कर्मचारीका लागि उचित सम्बोधन गरिनेछ।
११. विद्यालय व्यवस्थापन समितिलाई चुस्त दुरुस्त पार्दै शिक्षकहरुको शिक्षण क्षमता अभिबृद्दि गर्ने र अविभावकसँगको सम्बन्ध सुमधुर बनाउँने कार्यक्रम ल्याइने छ ।।
१२. सामुदायिक विद्यालयहरुमा विद्यार्थीको स्वास्थ्य जाँच गर्ने विभिन्न विषयगत शिविरजस्ता कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
१३. राष्ट्रपति रनिङ्ग शिल्डजस्ता विद्यार्थी खेलकुदलाई प्राथमिकता दिँदै शिक्षकहरूको त्रैमासिक तलव भत्ता उपलब्ध गराउँदै आएकोमा मासिक रुपमा भुक्तानी गर्ने व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
१४. गाउँपालिका भित्र एउटा सुविधा सम्पन्न उत्कृष्टताको केन्द्र Centre of Excellence को रुपमा अगुवा विद्यालय (Leading School) विकास गरिनेछ ।
१५. जवाफदेही शिक्षा प्रणाली विकासका लागि विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको विद्युतीय माध्यमबाट रेकर्ड र रिपोर्टिङ्ग प्रणालीको स्थापना साथै निरन्तर अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ ।
१६. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत तह र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, शिक्षक तथा विद्यालयलाई सम्मान कार्यक्रम सञ्चालन गरीनेछ।

१७. गाउँपालिकाले विभिन्न क्षेत्रमा प्राविधिक विषयमा छात्रवृत्ति दिई उच्च शिक्षा अध्ययनको लागि अवसर दिने तथा अध्ययन पश्चात अनिवार्य रुपमा गाउँपालिका भित्र कम्तिमा २ वर्ष सेवा गर्नुपर्ने व्यवस्था मिलाइ प्राविधिक शिक्षाको पहुँच वढाइनेछ।

१८. विपद्मा वालवालिकाहरुलाई पूर्व तयारी तथा प्रतिकार्यको विषयमा आधारभूत जानकारी विद्यालयमा प्रदान गरी सुसूचित गराईनेछ ।

१९. प्रत्येक विद्यालयमा एकै प्रकारको सांगितिक पि.टि को कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ। सबै विद्यालयहरुमा एकै प्रकारको विद्यार्थी पोशाक कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

२०. सुचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियामा जोड दिदै विद्यालयमा प्रयोग हुने सुचना प्रविधि तथा विज्ञान सामग्री संग सम्बन्धित सामग्री (कम्प्युटर, ल्यापटप, ABR Board, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामग्री मर्मतको ब्यवस्था गर्दै प्रविधिको मार्फत प्रश्नपत्र छपाइको कार्य सम्पादन गर्न पहल गरिनेछ।

२१. विद्यालय अनुगमन तथा पेसागत सहयोग मार्फत विद्याललाई शिक्षण सहायता प्रदान गरिनेछ।

### (ख) स्वास्थ्य सेवा नीतिः

१. गाउँपालिकाको स्वास्थ्य सम्वन्धि नाराः **"कोख देखि शोक"** सम्म बगनासकाली सरकार भन्ने नारालाई कार्यान्वयनमा लगिनेछ ।

२. आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिई सुत्केरी भेट, मोवाईल स्वास्थ्य, जन्म पूर्व तयारी, नियमित ग्रामिण अल्ट्रासाउण्ड, गर्भवती स्याहार अभियान, सुरक्षित मातृत्व, खोप महिना जस्ता कार्यक्रमलाई नियमित संचालन गरी पूर्णखोप तथा पूर्णसंस्थागत प्रसुती सेवायुक्त स्थानीय तहको सुनिश्चितता तथा दिगोपनाको नियमित घोषणा गरिनेछ ।

३. जनस्वास्थ्यमा लगानी वढाउनको लागि स्वास्थ्य क्षेत्रको वजेटलाई बृद्धिगरि स्थानीय स्वास्थ्य प्रोफाईल निर्माण गरि सबै नीतिमा स्वास्थ्य (Health in all policies) भन्ने मान्यतालाई आत्मसाथ गर्दै स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य एकाईहरुको क्रमिक रुपमा स्तरोन्नती गरी स्वास्थ्य सेवालाई सर्वसुलभ, मितब्ययी तथा गुणस्तरीय एवं भरपर्दो बनाउदै लगिनेछ ।

४. एक विद्यालय एक नर्सको अवधारणा अनुरुप सञ्चालन भएका विद्यालय नर्स कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ।

५. स्थानीय स्वास्थ्य प्रणालीको विकास र सवलीकरणका लागि आधारभूत स्वास्थ्य सेवा, आयूर्वेद र वैकल्पिक चिकित्सा, मानसिक तथा निरोधात्मक, प्रवर्धनात्मक, उपचारात्मक र पूनर्स्थापनात्मक सेवालाई एकिकृत रुपमा स्थापना गरिनेछ।

६. वढ्दै गएको नसर्ने रोगहरू तथा मानसिक रोगहरुको प्रभाव न्युनीकरणका लागि स्वास्थ्य सचेतना, अनुसन्धान, बिशेषज्ञ स्वास्थ्य शिविर,उपचार तथा व्यवस्थापनको सहज पहुँच विस्तार तथा आवश्यकता अनुसारको पूनः स्थापना सेवा समेत स्थापना गरिनेछ ।

७.स्वास्थ्य, सरसफाई र पोषणको क्षेत्रमा क्रियाशील गैर सरकारी संस्थाहरु तथा सरकारी निकायसँग साझेदारी तथा सहकार्य गर्दै संचालित कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।

८. स्वास्थ्य सम्वन्धी अन्य सचेतना फैलाउन सडक नाटक, प्रर्दशनी, तालिम, क्षमता विकासका गतिविधिहरु साथै आवश्यकता अनुसारको रेडियो तथा टेलिभिजनमा कार्यक्रमहरु संचालन गरी स्वास्थ्य सम्वन्धी विविध विषयमा सामाजिक सचेतीकरण गरिनेछ ।

९. प्रजनन् रुग्णता भएका महिलाहरुलाई स्क्रेनिङ्ग, विशेष उपचार तथा स्याहारको व्यवस्था गरी आवश्यकता अनुसार सामाजिक पूनःस्थापनाको व्यवस्था मिलाइनेछ । पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनको लागि कम्तीमा एउटा स्वास्थ्य संस्थावाट नियमित परिक्षणको व्यवस्था गरिनेछ र अन्य स्वास्थ्य संस्थाहरुमा VIA /HPVDNA जाँचको लागि स्वास्थ्य शिविरको व्यवस्था मिलाईनेछ ।

१०. स्वास्थ आमा समुहहरुलाई गाउँपालिकामा दर्ता गरि गाउँपालिका स्तरमा स्वास्थ्य आमा समूह संजाल निर्माण गरि नियमन तथा स्वास्थ्य शिक्षाको प्रभावकारी परिचालनको व्यवस्था मिलाइनेछ । सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकालाई उपलब्ध गराउदै आएको प्रोत्साहन सुविधालाई निरन्तरता दिईनेछ।

११. स्वास्थ्य आहार विहार,पोषण,व्यायम लगायत स्वास्थ्य जीवनशैली अवलम्बन गर्न" **म स्वस्थः मेरो गाउँ स्वस्थ्य"** अभियान संचालन गरिनेछ।

१२. स्वास्थ्य क्षेत्रको कर्मचारीको बृत्ती विकास तथा परिचालनको लागी बगनासकाली स्वास्थ्य नियमावली तयार गरी सरुवा प्रणालीलाई ब्यवस्थित गरिनेछ।

१३. अभिलेख तथा प्रतिवेदन प्रणालीलाई चुस्त दरुस्त बनाउन SORMAS, DHIS-2, eTB, PAMSv2, eHMIS लाई थप प्रभावकारी र व्यवस्थित वनाउदै लगिनेछ । स्वास्थ्य संस्थालाई सूचना प्रविधि मैत्री वनाइनेछ।

१४. बगनासकाली गाउँपालिकालाई किशोरकिशोरीमैत्री, पोषणमैत्री स्थानीय शासनको अवलम्वनका लागि आवश्यक कार्य गरिनेछ ।

१५. पन्ध्र शैयाको अस्पताल सम्पन्न गरी सञ्चालनमा ल्याछने छ ।

१६. जनतासंग अध्यक्ष स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

**(ग) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा समाजकल्याण नीतिः**

१. लक्षित वर्गहरूको क्षमता अभिवृद्धि गर्नका लागि आयमूलक, सीपमूलक, रोजगारमूलक तथा विशेष अनुदानको कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. लैंङ्गिक हिंसा न्यूनीकरण, असहाय वर्गको संरक्षण, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न, दलित, आदिवासी/जनजाति, यौनिक अल्पसंख्यक, सिमान्तकृत समुदाय लगायत वञ्चितिकरणमा परेका सबै वर्गको हित र उत्थानका लागि निरोधात्मक तथा संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्दै हिंसा पीडित महिलाहरूका लागि निःशुल्क परामर्श सेवा केन्द्र सञ्चालन गरी महिला हिंसा, घरेलु हिंसा, चेलीबेटी बेचबिखन जस्ता जघन्य अपराध विरूद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने एवं "लैंङ्गिक हिंसा निवारण कोष" लाई निरन्तरता दिईनेछ।

३. महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्व-रोजगारका क्षेत्रमा परिचालन गर्ने वातावरण सिर्जना गरिनुका साथै सिमान्तकृत वर्ग समुदायका महिलाहरूलाई तालिम, अनुदान, सहभागिता, सशक्तिकरण, क्षमता विकास मार्फत मूलप्रवाहीकरण गरिनेछ।

४. बालमैत्री स्थानीय शासन कार्यान्वय रणनीतिक योजना अनुसार बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितासँग सम्बन्धित सबै कार्यक्रम कार्य-योजनाका आधारमा संचालन गरिनुका साथै बालबालिकाहरूको समग्र विकासका लागि गाउँपालिकास्तरीय र वडास्तरीय बाल सञ्जालहरू, समुदाय तथा विद्यालयहरूमा गठित बाल क्लबलाई सक्रिय बनाउदै बाल-विवाह न्यूनीकरणका लागि सरोकारवाला निकायसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनुका साथै विद्यालयहरूमा बालमैत्री वातावरण एवं बालमैत्री दिगोपना कायम गर्न प्रभावकारी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

५. अभिभावक विहिन बालबालिकाको उचित स्याहार-सम्भारको व्यवस्थापन तथा विद्यालय भर्ना हुन र अध्ययन गर्न नसक्ने गरिब, विपन्न र अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष छात्रवृत्ति प्रदान गरिनुका साथै **"बाल राहत उद्धार तथा पुनर्स्थापना कोष"** लाई निरन्तरता दिइनेछ।

६. जेष्ठ नागरिक परिचय-पत्र एवं सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज बनाउदै उनीहरूको ज्ञान, सीप र अनुभवको सदुपयोग गरी सामाजिक तथा आर्थिक विकासमा पुर्याएको योगदानको आधारमा जेष्ठ नागरिक सम्मान कार्यक्रम तथा जेष्ठ नागरिकहरूको उचित स्याहार-सुसार तथा आदर गर्ने परिवार वा संरक्षकलाई पुरस्कृत तथा सम्मान गर्न विशेष कार्यक्रम लगायत निजहरूको जीवनयापनमा सहजीकरणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सामग्री वितरण गरिनुका साथै निःशुल्क स्वास्थ्य बीमा गर्ने नीतिलाई प्राथमिकता दिइने छ, अपाङ्गता वर्गको वर्गीकृत तथ्याङ्क अद्यावधिक गरिनुका साथै "ग" र "घ" वर्गको अपाङ्गता परिचय-पत्र प्राप्त गर्ने व्यक्तिलाई मासिक भत्ता दिने व्यवस्थालाई निरन्तरतता दिइनुका साथै अपाङ्गता सम्बन्धी कार्य गर्ने संघ-संस्थासँग समन्वय गरी जनचेतनामूलक एवं व्यावसायिक अनुदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८. जातीय छुवाछुत लगायतका सामाजिक अन्धविश्वास र विकृतीको अन्त्यका लागि सामाजिक जागरण अभियान तथा सचेतनामूलक कार्यक्रम मार्फत जनचेतना अभिवृद्धि गरिन साथै दलित समुदाय-वर्गको समग्र आर्थिक तथा सामाजिक उन्नतिको लागि परम्परागत ज्ञान र सीपलाई व्यावसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

९. आदिवासी/जनजाति पहिचानका विषयगत क्षेत्रको संरक्षण, प्रवर्द्धन र व्यावसायीकरण गर्ने विभिन्न कार्यक्रम तथा क्रियाकलापलाई सहजीकरण गर्दै सीपमूलक तालिम र सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति तर्जुमा गर्ने र सोही नीति अनुरुप बालबालिका पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन पहल गरिनेछ।

११. विकासका कार्यहरुमा लैंङ्गिक उत्तरदायी बजेट अवलम्बन गरिनुका साथै उक्त कार्यक्रमहरूको लैससास परीक्षण समेत गरिनेछ।

१२. मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३. **"समग्र विकासका लागि युवा"** भन्ने यथार्थलाई चरितार्थ पार्न उपयुक्त सीप, क्षमता, स्रोत साधन, सहुलियतपूर्ण कर्जा, संरक्षण तथा प्रवर्द्धन गरी गाउँपालिका क्षेत्र भित्रै रोजगारको श्रृजना गरिनेछ साथै बैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई निजको क्षमता अनुसार आवश्यक अभिमुखीकरण दिने तथा वैंदेशिक रोजगारीवाट फर्केका युवाहरुको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१४. गाउँपालिका क्षेत्र भित्र रहेका साहित्य, कला, भाषा, संस्कृति जस्ता समग्र विषयलाई संरक्षण, संवर्द्धन एवं प्रवर्द्धन गर्दै साहित्यलाई प्रोत्साहन गर्न लेख तथा लेखन अभ्यास गरेका संघ-संस्थाहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनुका साथै भाषा, साहित्य, कला धर्म संस्कृतिलाई जोगाउदै पालिका स्तरीय साहित्य मेला, बगनासकाली मेला-महोत्सव सञ्चालन गरिनेछ।

१५. विपन्न तथा लक्षितवर्गको लागि स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिने छ ।

## (घ) खानेपानी तथा सरसफाइ नीतिः

१. खानेपानीको मुहान संरक्षणको लागि परम्परागत पानीको श्रोतको संरक्षण, सम्बर्धन लगायतका योजना बनाई गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यकता अनुसार खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पूर्वाधार निर्माणमा विशेष जोड दिई **"एक घर एक धारा "**को अवधारणा अनुसार खानेपानी योजना सञ्चालनमा ल्याईनेछ।

२. गाउँपालिकाको ५ बर्षे पूर्ण सरसफाइ रणनीतिक योजना तयार गरि उक्त रणनीतिक योजनाको आधारमा गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि थप नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

३. सवै खानेपानी योजनाको नियमित रुपमा अनुगमन र गुणस्तर परीक्षण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ। खानेपानी सुरक्षा योजना तथा खानेपानीको नियमित गुणस्तर जाँच गर्ने कार्यलाई अनिवार्य गरी सुरक्षित पिउने पानीको उपलब्धतालाई सुनिश्चित गरिनेछ। यसको लागि खानेपानीको गुणस्तर परिक्षण गर्ने कार्यको थालनी गरी सकिएकोले प्रभावकारी कार्यान्वयन गरिनेछ।

४. सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ। प्राथमिकताको आधारमा थप सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालन गरिनेछ।फोहोर वस्तुको प्रशोधन र पुनःप्रयोग गर्ने तथा फोहोर बस्तुबाट नयाँ वस्तु उत्पादनमा कार्य गरिरहेका सामुदायिक संस्था, निजी, गैर सरकारी संस्थासंग सहकार्य गरिने छ ।

५. फोहोरमैला संकलन र व्यवस्थापन कार्यलाई दिगो तुल्याउन सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप निजी संघ संस्थासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

६. फोहरमैलाको उपयुक्त व्यवस्थापन, बर्गीकरण, कम्पोष्टिङ्ग, पुनः प्रयोग तथा पुनः उपयोग सम्बन्धी व्यवस्था मिलाउन गाउँपालिका भित्र कार्य गर्ने विभिन्न गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि गर्न पहल गरिनेछ।

७. बगनासकाली गाउँपालिकाको गौरबको योजनामा रहेको कालीगण्डकी बृहत पम्पिङ्ग खानेपानीलाई प्राथमिकतामा कार्यान्वयन गरिनेछ साथै सबै वडामा संचालित निर्माणधिन अवस्थाका लिफ्टीङ्ग खानेपानी आयोजना सम्पन्न गर्नका लागि सम्बन्धित निकायहरुमा पहल गरिने छ।

**(ङ) संस्कृति तथा सम्पदा नीतिः**

१. ऐतिहासिक एवं धार्मिक दृष्टिले महत्वपूर्ण दर्लम महाकाली मन्दिर, चेचीकोट देवी बगनास, महामृत्युञ्य शिवाशन मन्दिर, बगनास कोटघर, सिद्धबाबा १०८ शिवलिङ्ग, पिपिल(, शिद्धगुफा राम्दी, नायर कोटघर, शिद्धगुफा धारापानी, बौद्ध गुम्बा, लालपाटी, छतिवन देवी, अमराई, नौबिसे देविस्थान जस्ता धार्मिक धरोहरका संरक्षण र संबर्धन गरिनेछ।

२. ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका टोल, बस्ती, मठ, मन्दिर, स्थानीय रितीरिवाज, भाषा, लिपी, कला, संस्कृति, जात्रा, परम्परा जस्ता अमूर्त सम्पदाको संरक्षण तथा सम्बर्धन गर्ने नीति लिइनेछ।

**(च) युवा तथा खेलकुद नीतिः**

१. गाउँपालिका क्षेत्र भित्र एक गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण गरी गाउँपालिका क्षेत्र भन्दा वाहिरका खेलाडीहरुलाई समेत आकर्षण गर्ने गरी खेलकुद क्षेत्रको विकास गरिनेछ। खेलकूदको माध्यमद्वारा युवाहरुको व्यक्तित्व विकास गर्न गाउँपालिका क्षेत्रमा शारीरिक व्यायामशाला, हेल्थ क्लब, कबर्डहलको विकास र विस्तार गरिनेछ।

२. युवालाई रोजगार बनाउनका लागि चाहिने उपयुक्त सीप, क्षमता, स्रोत साधन, सहुलियतपूर्ण कर्जा, संरक्षण तथा प्रवर्धन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

३. **उपाध्यक्ष संग सेवा आयोग तयारी कार्यक्रम** सञ्चालन गरिने छ ।

४. "युवाको जाँगर, समृद्ध गाउँघर "अभियान अनुरुप युवाशक्ति परिचालनको नीति अबलम्बन गरिनेछ । यसको लागि युवासँग अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिइनेछ ।

५. गाउँपालिका क्षेत्रभित्र स्थायी ठेगाना भई जिल्ला स्तरीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा महत्वपूर्ण शिल्ड, मेडल, पदक विजेता हुनुहुने खेलाडीलाई उचित सम्मानका साथ पुरस्कारको व्यवस्था मिलाईनेछ।

**(छ) सामाजिक सुरक्षा तथा पंजिकरण नीतिः**

१. सामाजिक सुरक्षा भत्ता बैकं मार्फत सहज र सरल रुपमा वडा तहमै वितरण लाई निरन्तरता दिदै सबै लाभग्राहीको विवरण बायोमेट्रिक गरी राष्ट्रिय परिचय पत्रसँग लिंक गरिनेछ ।

२. घटना दर्ता सुदृढिकरणको लागि समुदायस्तरमा सचेतना अभिवृद्धि कार्यक्रम गर्नको लागि गाउँपालिकाबाट आवश्यक बजेट विनियोजन गरिनेछ ।

३. बसाई सरी आउनेलाई विशेष प्रोत्साहन नीति लिइने छ ।

४. तेश्रो सन्तान जन्माउने दम्पत्तीलाई प्रोत्साहनको नीति अबलम्बन गरिने छ ।

### (ज) गैरसरकारी संघ संस्था नीतिः

१. गैरसरकारी संस्था मार्फत योजना तथा कार्यक्रम गर्दा गराउँदा अनिवार्य रुपमा त्रिपक्षीय सम्झौता गरि कार्यान्वयन गर्ने र कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक प्रगती विवरण गाउँपालिकामा अनिवार्य रूपमा पेश गर्नुपर्ने प्रावधानलाइ कडाईका साथ कार्यान्वयन गरिनेछ। गैर सरकारी संस्था मार्फत योजना तथा कार्यक्रम गर्दा अनिवार्य रुपमा गाउँपालिकासँग समन्वय गरेरमात्र गर्नुपर्नेछ।

२. गाउँपालिका क्षेत्रभित्र योजना तथा कार्यक्रम संचालन गर्ने जिल्ला स्थित गैर सरकारी संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गरि एकद्धार नीति मार्फत योजना तथा कार्यक्रम संचालन गरिनेछ।

## ३. भौतिक पूर्वाधार विकासः

### (क) पूर्वाधार विकास नीतिः

१. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भौतिक पुर्वाधार सडक, ढल, पेटी, खानेपानी, बिद्युत, टेलिफोन आदिको गुणस्तरियता कायम गर्न, बिभिन्न निकायहरु बिच समन्वय गरी व्यवस्थित रुपमा निर्माणकार्य सञ्चालन गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न ग्रामीण यातायात गुरुयोजना (rural municipal Transport Master Plan ) अनुसार आगामी दिनमा निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरी सडकको लगत व्यवस्थित गरिनेछ।

३. गाउँपालिका स्तरीय गौरबका योजनाहरुको थालनी गरी सोही बमोजिम बजेट विनियोजन तथा कार्यान्वयन गरिनेछ।

४. गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा प्रति जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। यस्ता सार्वजनिक जग्गाहरुलाई बालमैत्री उद्यान, योगापार्क तथा ज्येष्ठ नागरिक मैत्री पार्कहरु र खुला क्षेत्रहरुको रुपमा विकास गरिनेछ।

५. पूर्बाधार सडक, खानेपानी, बिद्युत, सिंचाईतर्फका नयाँ योजना तथा कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा त प्राथमिकता निर्धारण गरनिश्चि समावेश गर्दा उपलब्ध श्रोतबाट सम्पन्न हुनेगरी अधुरा योजनालाई सञ्चालनमा ल्याउने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरिने छ।

६. गाउँपालिकाको सवै वडा र वस्तीमा विस्तारित विद्युत प्रवाहको कार्यलाई थप व्यवस्थित गर्न सवै काठे पोलको विस्थापन गरी फलामे पोलको व्यवस्था तथा आवश्यक स्थानमा थप ट्रान्समिटरको व्यवस्थाका लागी सम्बन्धित निकायमा पहल गरिनेछ।

७. योजना संचालनको क्रममा प्रत्येक वडामा कम्तिमा ३ वटा योजनाको उपभोक्ता समिति महिलाको मात्र गठन गरि योजना तथा कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८. गाउँपालिका क्षेत्र भित्र यस अघि सडकको क्षेत्राधिकारको अवलम्वन तथा साँध सिमाना लगायत कुनै पनि विषयमा विवाद एवं किचलो नभई निर्माण सम्पन्न भइसकेका घर भवनको नियमानुसार अभिलेखिकरण

गरिनेछ र यस पछि निर्माण हुने घर, भवनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियमानुसारको प्रक्रिया पूरा गरी घर, भवन निर्माण पूर्ब नै अनिबार्य रुपमा नक्सा पास गर्नु पर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९. टोल विकास संस्थालाई विधिवत दर्ता प्रकृयामा लगी कानूनी मान्यता प्रदान गरि थप व्यवस्थित र जिम्मेवार बनाई उपभोक्ता समितिले सम्पादन गर्ने गरेका कार्यलाई टोल विकास संस्था मार्फत कार्यान्वयनको सुरुवात गरिनेछ।

१०. "समृद्ध बगनासकाली गाउँको सार समग्र विकासको दिगो आधार "का लागि पूर्वाधारका काममा जनसहभागितालाई बढाउने र कार्य आरम्भ अगाडि नै जनसहभागीता सुनिश्चित गराउने व्यवस्था मिलाइनेछ।

११. कुनै पनि योजना सामान्य मर्मत संभारबाट पुनः सुचारु गर्न सकिने अवस्था रहेको छ भने त्यस्तो योजनालाई मर्मत संभार गरि सञ्चालनमा ल्याइनेछ । सो योजनाको नयाँ बजेट विनियोजन गरिने छैन।

१२. "हाम्रा पूर्वाधार समृद्धीका आधार"भन्ने मान्यतालाई आत्मसात गर्दै स्तरोन्नती भइसकेका सडकहरुलाई कालो पत्रे गर्नेतर्फ प्राथमिकता दिदै निर्माणपश्चात उचित संरक्षणको व्यवस्था मिलाइनेछ।

१३. भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरुको निर्माण, संचालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्यलाई प्राथमिकता दिइनेछ ।

१४. भूमिहिन दलित र भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्यमा आवश्यक सहजीकरण गरिने छ ।

१५. अन्तरपालिका समन्वय गरि राम्दीघाटमा व्यवस्थित शवदाहगृह निर्माणको कार्य अगाडी बढाइने छ ।

**(ग) सूचना, प्रविधि तथा संचार नीतिः**

१. गाउंपालिकाको सेवा सूविधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरिक समक्ष पुर्‍याउन मोबाईल एप्स बगनासकाली गाउँपालिका डिजिटल सोधपुछ कक्ष, डिजिटल सूचना पाटि र विद्युतीय हाजिरिको व्यवस्थालाई निरन्तरता दिईने छ । साथै गाउँपालिका सबै वडा कार्यालयमा सूचना केन्द्रको स्थापना गरिनेछ।

२. गाउँपालिका र मातहतका सबै वडा कार्यालयमा सोलार र इन्टरनेट जडान गरी गा.पा.का सम्पूर्ण वडालाई प्रविधिमैत्री वडा बनाइनेछ । यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गर्नको लागि internet सेवालाई पूर्ण रुपमा निरन्तरता दिन internet को क्षमता वृद्धि गरिनेछ।

३. गाउँपालिका, विषयगत शाखा तथा वडा कार्यालयहरुवाट हुने सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई प्रभावकारी वनाउन विभिन्न तालिमद्वारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. गाँउपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुमा ईन्टरनेट सेवा जडान गरी प्रविधिमैत्री शिक्षण सिकाईलाई थप प्रभावकारी बनाईनेछ।

**(घ) भवन निर्माण मापदण्ड नीति**

१. गाउँपालिकाको भवन निर्माण आचार संहिता Building Conduct Code को प्रभावकारी कार्यान्वयनमा निरन्तरता प्रदान गरिनेछ

२. गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण गरीने घरको नक्सा पास तथा पुराना निर्माण भईसकेका घरको अभिलेखीकरण विद्युतीय प्रणाली (EBPS ) मार्फत गरिने छ ।

## ४. वातावरण तथा विपद् व्यबस्थापन

१. "हाम्रो बनः हाम्रै मन "भन्ने मूल मन्त्रका साथ सार्वजनिक तथा सामुदायिक बन संरक्षण सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न र आय आर्जनमा टेवा पुग्ने खालका जडीबुटीजन्य बृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

२. **"स्वच्छ हावा, स्वस्थ जीवन "**भन्ने नारालाई साकार पार्न वायु प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, स्वच्छ पिउने पानी र फोहर पानी व्यवस्थापन, खुल्ला स्थान र हरियाली व्यवस्थापन, उर्जा तथा जलवायु परिवर्तन सम्बन्धी एकीकृत कार्यक्रमहरू संचालन गर्ने नीति लिइनेछ।

३. जोखिम संवेदनशील भू-उपयोग गुरुयोजना तयार गरी सोही अनुरुप जग्गा एकीकरण, जग्गा विकास, बस्ती विकास र सम्पदा संरक्षण योजना कार्यान्वयनमा ल्याइनेछ।

४. विपद् उद्धार कार्यमा प्रयोग हुने सामाग्री तथा उपकरण खरिद गरी प्रत्येक वडास्तरीय विपद् व्यवस्थापन समिति र स्थानीय प्रहरी चौकीमा राखी परिचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ । विपदमा परि अंगभंग भएका व्यक्तिलाई राहत र ज्यान गुमाएकालाई किरिया खर्चको व्यवस्था गरिनेछ।

५. गाउँपालिका क्षेत्रभित्र रहेका जोखिमयुक्त क्षेत्र र स्थानहरु तथा वस्तीको पहिचान तथा प्राथमिकीकरण गरी विपद् जोखिम न्यूनीकरणका योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६. विपद् सम्बन्धी पूर्व तयारी प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाइनेछ।विपद् पश्चातको उद्धार तथा खोज, पुनस्थापना, राहत वितरण जस्ता कार्यलाई थप व्यवस्थित बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।विपद्का क्रममा उद्धार कार्यका लागि दक्ष जनशक्ति तयार गर्न आवश्यक कार्क्रम संचालन गरिनेछ। विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गरिनेछ।

७. भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ। गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८. गाउँपालिकाका पुर्वाधार निर्माणमा विपद् जोखिम न्यूनीकरणका अवधारणाहरुलाई अवलम्वन गरिने छ।

## ५. संस्थागत विकास र सुशासनः

### (क) नीतिगत, संस्थागत तथा मानव संशाधन विकासः

१. नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकारको पूर्ण उपयोग तथा परिपालना गर्न सङ्घीय र प्रदेश सरकारका प्रचलित कानूनसँग नबाझिने गरी कार्यपालिका र गाउँ सभाबाट आवश्यक ऐन, नियम बनाई कार्यान्वयनमा ल्याई सकिएको र थप ऐन, नियम, निर्देशिका र कार्यविधि आवश्यकता अनुसार तर्जुमा एवं अनुमोदन गरी कार्यान्वयनमा ल्याईने छ।

२. गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ।

३. गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ। कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४. गाउँपालिका तथा वडा तहबाट सम्पादन हुने कार्यलाई बैधता दिनका लागि विधेयक समिति समेतको सिफारिसमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र दिग्दर्शनलाई स्थानीय राजपत्रमा तत्काल प्रकाशन गरिने परिपाटीलाई निरन्तरता दिईनेछ।

५. राज्यको चौथो अङ्ग सञ्चार क्षेत्रसँग समन्वय, सहकार्य र पारदर्शिता कायम गर्ने गरि समन्वयात्मक तबरले कार्यक्रम गरिनेछ।यसको लागी आवश्यक बजेट विनियोजन गरिनेछ।

६. जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन जनप्रतिनिधि तथा गाउँपालिकामा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्न क्षमता विकास योजना अनुरुप आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम कार्यान्वयनका लागि बजेटको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

७. गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने योजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरु विच पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धनका लागि प्रत्येक चौमासिक रुपमा गाउँपालिका र वडास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।

८. गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना भै सकेकोले उक्त केन्द्रको उचित सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

९. हाल कायम भएको संगठन तथा व्यवस्थापन संरचनालाई तोकीएको कर्मचारी दरबन्दी बमोजिम आवश्यक परिमार्जन सहित O&M सर्भे तयार गरिनेछ।

१०. कर्मचारीको सामूहिक दुर्घटना बीमाको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

### (ख) सुशासन नीतिः

१. न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ।

२. सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र विद्युतीय हाजिर व्यवस्था गर्दै नागरिक वडापत्रको व्यवस्था भएकोमा यसलाइ थप प्रभावकारी बनाईनेछ।

३. गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गर्दै उक्त कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रगति समीक्षा जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ । चौमासिक रुपमा नतिजामूलक अनुगमन तथा मुल्याङ्कनको सिद्धान्त अनुसार योजनाहरुको अनुगमन प्रतिवेदन तयार गरी गाउँकार्यपालिका वैठकमा प्रस्तुत गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

४. गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटिलाई निरन्तरता दिईनेछ । त्यसै गरी उत्कृष्ट शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, महिला समुह, सहकारी, वन समुह, कृषक समुह, टोल विकास समुह, निर्माण व्यवसायी, उपभोक्ता समितिलाई पनि कार्यसंपादनको आधारमा पुरस्कृत गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ।

५. **उपभोक्ताको अधिकार हाम्रो सरोकार** भन्ने नाराका साथ गाउँपालिकामा रहेका बजार क्षेत्रको अनुगमन कार्यक्रम नियमित रुपमा संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

६. सार्वजनिक सम्पतिको संरक्षण, सम्बर्धन र व्यवस्थित गरिनेछ भने कार्यालयको रेखदेख तथा सुरक्षाका लागि पाले पहराको व्यवस्थालाई निरन्तरता दिदै गाउँ प्रहरी भर्ना प्रकृया अगाडी बढाइने छ।

७. लेखा परीक्षणबाट औंल्याएका विषयहरूलाई कार्यान्वयन गरी बेरुजु न्यून गर्ने योजना तथा कार्यक्रम संचालन गरिनेछ।

८. योजना कार्यान्वयनको चरणमा योजना अनुगमन कार्यलाई थप सक्रिय पार्ने व्यवस्था मिलाइनेछ भने वडा तहमा योजना सम्झौता तथा बैंक खाता खोल्ने अभियानलाई निरन्तरता दिइनेछ।

## (ग) राजस्व परिचालन तथा वित्तिय व्यवस्थापन नीतिः

१. नेपालको संविधानले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशील र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजस्व निर्धारण गरिनेछ।सवै सरोकारवाला करदाताहरुको सहभागितामा करको दायरा फराकिलो वनाउदै राजश्व अभिबृद्धि गरी कुल वजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिनेछ ।

२. राजस्व संकलनका सम्बन्धी संभाव्यता क्षेत्रको अध्ययन कार्यलाई निरन्तरता दिदै गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाले निर्देशित गरे अनुरुप स्थानीय राजस्व परामर्श समितिको सिफारिशको आधारमा करका दायराहरु निर्धारण गरिनेछ।

३. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका विभिन्न व्यापार व्यवसायलाइ करको दायरामा ल्याउनको लागि कुल कर रकमको निश्चित रकम छुट दिइ करको दायरामा ल्याइनेछ।

४. **म तिर्छु मेरो कर** ”भन्ने उदघोषका साथ करका क्षेत्रलाई फराकिलो बनाउदै कर संकलन शिविर, करदाता शिक्षा र सचेतना अभियान सञ्चालन गरिनेछ।

५. स्थायी लेखा नं. वितरण कार्य थप प्रभावकारी वनाउदै करदातालाई गुणस्तरीय सेवा प्रदान गरिने छ ।

गाउँसभा सदस्यज्यूहरू,

अन्त्यमा, “जनप्रतिनिधिहरु शासक होइनन्, जनताका सेवक सेवक हुन्” भन्ने मान्यतामा आधारित यो नीति तथा कार्यक्रमले स्थानीय सरकार र स्थानीयबासी बिचको सुमधुर सम्बन्ध कायम गर्दै, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणबाट गाउँपालिकालाई समृद्धितर्फ लैजाने छ । जनताको सापेक्ष विकासका चाहना अनुरुप पूर्वाधार र संरचना तयार गरी बगनासकालीलाई समुन्नत बनाउन हाम्रा प्रयत्नहरू निरन्तर जारी रहने छन्। बगनासकाली गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, गाउँपालिकाका कर्मचारीहरु, गाउँपालिका निवासी सम्पूर्ण सरोकारवाला एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

धन्यवाद । जय बगनासकाली ।।

आषाढ ३, २०८३

सरस्वती दर्लामी चिदी
अध्यक्ष

बगनासकाली गाउँपालिका